# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
## २२ औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २२औं वार्षिक साधारण सभा मिति २०७१।०९।२७ ( तद्नुसार जनवरी ११, २०१५) आईतवारका दिनको १०:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर,काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा वस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २२ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२२ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीको लागि मिति २०७१।९।४ र मिति २०७१।९।५ मा क्रमश: कारोवार राष्ट्रिय दैनिक तथा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुको साथै संक्षिप्त वार्षिक प्रतिवेदन उहाँहरुले कम्पनीमा उपलब्ध गराएको ठेगानामा पठाइएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

२२ औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री राजिव राजभण्डारी | संचालक |
| ४. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ५. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ६. श्री श्याम किशोर यादव | संचालक |
| ७. श्री चण्डी प्रसाद श्रेष्ठ | संचालक |

८. श्री दिवाकर बैद्य — स्वतन्त्र संचालक
९. श्री ओम प्रकाश श्रेष्ठ — वैकल्पिक संचालक
१०. श्री हरि ब. बुढाथोकी — कम्पनी सचिव

आ) **व्यवस्थापन:**

१. श्री उत्तर कुमार श्रेष्ठ — प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रतिक मान सिंह प्रधान — भाईस प्रेसिडेण्ट, व्यवसाय तथा आयोजना विकास
२. श्री राधेश्याम श्रेष्ठ — भाईस प्रेसिडेण्ट, वित्त
३. श्री टीकाराम भट्ट — भाईस प्रेसिडेण्ट, कर्पोरेट

इ) **शेयरधनीहरु:**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये १४८ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १६७३२२२७ कित्ता | १५,००७,५१७ कित्ता | ८९.६९ |
| कम्पनीको शेयरधनी | २०६० जना | १४८ जना | ७.१८ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत सूचीलाई साधारण सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो र सोही अनुसार प्रस्तावहरु प्रस्तुत भई निर्णयहरु भए ।

## (घ) प्रस्तावहरु:

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन प्रस्तुती र त्यस उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७०।०७१ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७१।७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिम आ.व. २०७०।०७१ को मुनाफावाट चुक्ता पूंजीको १५% (पन्ध्र प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

(५) विविध ।

## (ङ) <u>सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:</u>

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०७०।०७१ को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका विषयहरुमा छलफलको लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । शेयरधनीहरु श्री व्यास कुमार शर्मा, श्री डम्मरु बल्लभ घिमिरे, श्री उद्धव प्रसाद घिमिरे, श्री अमृत नाथ रेग्मी, श्री अमिर दास रंजित, श्री लभराज जोशी, श्री चन्द्र नारायण श्रेष्ठ र श्री महेन्द्र बहादुर श्रेष्ठले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०७०।०७१ को लेखापरीक्षण भएको आर्थिक विवरणहरु उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्नु भएको थियो ।

छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) नेपालमा जलविद्युत क्षेत्रको विकासका लागि विभिन्न तहमा प्रयासहरु हुँदै आएको छ । यसका वावजुद राजनीति, सरकारी तथा स्थानीय स्तरमा विभिन्न प्रकारका अवरोधहरु अझै कायमै रहेको छ । यस्तो परिस्थितीमा सवैले सचेत भई जलविद्युतको विकासमा आ-आफ्नो स्तरवाट सहयोग गर्नु पर्ने हुन्छ ।

(२) कम्पनी यथासमयमै साधारण सभा गर्न सफल भएको छ । कम्पनी ऐन वमोजिम साधारण सभाको लागि पुरा गर्नु पर्ने कार्यहरु कम्पनीले गरेकै छ । तर पनि साधारण सभाको सूचनाको साथै वार्षिक प्रतिवेदनलाई शेयरधनीहरु समक्ष समयमै पठाउन सके शेयरधनीहरुले त्यसको अध्ययन गरी साधारण सभामा कम्पनीको उन्नती तथा प्रगतिको लागि अझ राम्रा सुझावहरु दिन पाउने अवसर प्राप्त हुन्थ्यो ।

(३) कम्पनीको अल्पकालिन तथा दिर्घकालिन योजनाहरुका सम्वन्धमा वार्षिक प्रतिवेदनमा उल्लेख गर्दा अझ उपयुक्त हुने ।

(४) कम्पनीका कुनै आयोजनामा लागत वढ्न गएको र कुनै आयोजनाहरु ढिला हुन गएको सम्वन्धमा थप स्पष्ट पार्नु पर्ने देखिएको छ । त्यसै गरी कम्पनी संचालन नोक्सानीमा रहेको पनि देखिएको हुँदा सो को कारणहरुका सम्वन्धमा थप स्पष्ट पार्नु पर्ने देखिएको छ ।

(५) पन्ध्र प्रतिशत नगद लाभांश दिन लागेको स्वगत योग्यनै छ । गत वर्ष ३:२ का हिसावले हकप्रद शेयर जारी भई शेयर संख्यामा भारी बृद्धि हुँदा समेत प्रतिशतका हिसावले गत वर्षको भन्दा केही कम प्रतिशत नगद लाभांश दिन लागिएको सह्राना गर्नु पर्दछ । आगामी वर्ष देखी

धितोपत्र वजारलाई समेत मध्यनजर गरी नगद लाभांशका अतिरिक्त वोनस शेयर समेत दिने गरी स्थिर लाभांश नीति हुनु उपयुक्त हुन्छ । लाभांश वितरणको कार्यको लागि विगतका वर्षमा सरकारको स्वीकृतिमा ढिलाई हुने गरेको कारण ढिलाई हुने गरेको हुँदा नेपाल सरकारको स्वीकृति यथाशक्य छिटो लिन तथा लाभांशको वितरण कार्यलाई अझ प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्ने देखिएको छ ।

(६) कम्पनीले विदेशी लगानीकर्तासंग साझेदारी गरेको कार्य उत्साहजनक छ । त्यसका अतिरिक्त देश भित्रकै विभिन्न संस्थागत लगानीकर्ताहरुलाई समेत साथ लिएर अघि बढ्न सके अझै राम्रो हुने थियो ।

(७) कम्पनीको संक्षिप्त आर्थिक प्रतिवेदन नेपाली भाषामा प्रकाशित भएपनि वार्षिक आर्थिक विवरणहरु समेत नेपाली भाषामा आएको भए अझ उपयोगी हुने थियो ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०७०।०७१ को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुको आफ्ना व्यस्तताका वावजुद समय मिलाएर साधारण सभामा सक्रिय सहभागिता जनाई संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरणहरु उपर आफ्ना भनाई तथा सुझावहरु दिनु भएकोमा उहाँहरुलाई धन्यवाद दिनुभयो । अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) समग्र जलविद्युत क्षेत्रको एक हिस्साको रुपमा कम्पनी रहेको छ । यस क्षेत्रको विकासका लागि सबैले आ-आफ्नो तहतप्कावाट सहयोग गर्नु पर्दछ । कम्पनीलाई यस क्षेत्रमा अगाडि वढाउने तर्फ संचालक समिति तथा व्यवस्थापन प्रतिवद्ध र दत्तचित्त रहेको छ ।

(२) कम्पनीको संचालन आम्दानी घट्नुको मुख्य कारण आँधिखोला विद्युत गृहको क्षमतावृद्धिको क्रममा वन्द रहनुनै हो । यद्यपी कम्पनीका वितरण संजाल अर्न्तगतका उपभोक्ताहरुलाई नियमितरुपमा विद्युत आपूर्ति गर्नको लागि नेपाल विद्युत प्राधिकरणवाट महंगो दरमा विद्युत खरिद गरी सस्तो दरमा विक्री गर्नु परेको, तथा २०५४ साल देखी हाल सम्म कम्पनीले उपभोक्तालाई बिक्री गर्ने विद्युतको विक्री दरमा पुनरावलोन नभएको कारण कम्पनीको खुद संचालन नाफामा कमी हुन गएको हो । अवका एक डेढ महिना भित्रै आँधिखोला विद्युत गृहवाट व्यापारिकरुपमा विद्युत उत्पादन शुरु हुने अपेक्षा गरिएको छ । त्यसै गरी विद्युत महशुल निर्धारण आयोगवाट छिट्टै हाल विद्यमान विद्युत महशुलमा वृद्धिको प्रस्तावमा स्वीकृति प्राप्त हुने समेत अपेक्षा गरिएको छ । यसवाट कम्पनीको संचालन मूनाफा वढ्न गई वित्तिय अवस्था राम्रो हुने अपेक्षा गरिएको छ ।

(३) कम्पनीको प्रशासनिक खर्च अघिल्लो वर्षको तुलनामा घटेको छ । आँधिखोला विद्युत गृहको क्षमता वृद्धिको लागि लिइएको कर्जाको साँवा व्याज चुक्ता गर्ने प्रक्रिया प्रारम्भ भई भुक्तानी तालिका अनुसारनै चुक्ता गरिदै आएको छ ।

(४) कम्पनीले आफ्नो संचालन आयमा कमी हुनुको वावजुद उपयुक्त समयमा आफ्ना लगानीलाई व्यवस्थापन गर्न सकेको कारण त्यस्ता लगानीवाट प्राप्त लाभांशवाट आफ्ना शेयरधनीहरुलाई नगद लाभांश दिन सक्षम भएको छ । यसलाई कम्पनीको सकारात्मक पक्षको रुपमा लिनु पर्ने हुन्छ र यो सबैको प्रयास र मेहनतवाट संभव भएको हो ।

(५) कम्पनीले योजना बनाएरनै आफ्ना व्यवसाय संचालन गरेको छ । हाल कम्पनीले नयाँ पञ्च वर्षे योजनाको निर्माण गरिरहेको छ । संचालक समितिवाट स्वीकृति भएपछि कम्पनीले प्रकाशन गर्ने त्रैमासिक प्रतिवेदनमा सो योजनाका सम्बन्धमा शेयरधनीज्यूहरुलाई जानकारी गराइने छ ।

(६) कम्पनीले लगानी गरेका आयोजनाहरुमा कावेली ए जलविद्युत आयोजना, न्यादी जलविद्युत आयोजना तथा मनाङमर्स्याङदी आयोजनाको सम्वन्धमा संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएकै छ । यी आयोजनाहरु सम्पन्न गर्नको लागि अथक प्रयत्न जारी छ । विभिन्न कठिनाईका वावजुद यी आयोजनाहरु अघि बढी रहेका छन् । यसका लागि यहाँहरुको सद्भाव सदैव रहेको छ र नेपाल सरकार तथा यस मातहतका निकाय तथा संस्थाहरुको समेत पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

(७) कम्पनीले आफ्नो रणनीतिक साझेदारकोरुपमा स्थानीय संस्थागत लगानीकर्तालाई समेत साथमा लिनु उपयुक्त हुने सुझाव स्वागत योग्यनै छ । भविश्यमा यस विषयमा पहल गरिनेनैछ । जहाँ सम्म नयाँ आयोजनाहरु थप गर्न तथा त्यसको लागि शेयरधनीहरु लगानी गर्न प्रतिवद्ध रहेको भन्ने कुराहरु निश्चयनै संचालक समिति तथा व्यवस्थापनको लागि उत्साहप्रद छन् ।

(८) आगामी वर्षको लाभांश प्रक्षेपणका सम्वन्धमा यति प्रतिशत हुन्छ भनेर अहिले प्रतिवद्धता जनाउन नसकिए पनि कम्पनी तथा शेयरधनीहरुको दिर्घकालिन हितलाई ध्यानमा राखेर यस विषयमा संचालक समितिले उपयुक्त निर्णय लिनेछ ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

## (च) निर्णयहरु:

(१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०७०।०७१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७०।०७१ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) पारित गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम एस.आर. पाण्डे एण्ड कम्पनीलाई रु २४२,००० (दुई लाख बयालीस हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय

सुविधा तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०७१।०७२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(४) संचालक समितिको सिफारिस वमोजिम २२ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७०।०७१ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूंजीको १५ (पन्ध्र) प्रतिशत नगद लाभांश कानून वमोजिम कर कट्टी गरी वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(५) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**(छ) <u>सभा विसर्जन:</u>**

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २२ औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २२ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्व सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २२ औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १.०० वजे विसर्जन भएको थियो ।

| | |
|---|---|
| (हरि ब.वुढाथोकी) | (पद्म ज्योति) |
| कम्पनी सचिव | अध्यक्ष |